मिति २०८२ श्रावण ३० गते नेपाल संवत् २०४५ गुँलागा ७ शुक्रवारका दिन बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री सुरेन्द्र पौड्यालको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा विपद् व्यवस्थापन समितिको बैठकका लागि विषयगत कार्यालय प्रमुखहरुसँगको विपद् व्यवस्थापन समितिको बैठक बसी निम्न बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| पद | नामथर | कार्यालय/निकाय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| प्र.जि.अ./ अध्यक्ष | श्री सुरेन्द्र पौडेल | जिल्ला प्रशासन कार्यालय, बर्दिया | ९८५८०३७७७७ | |
| का.व.अ. | राम कुमार चौधरी | डि. व. का. बर्दिया | ९८५८०२६८८० | |
| प्र.प्र.अ. | ओमराज शाह | गुलरिया न.पा. | ९८५८०२५२२ | |
| वि.के.प्र. | कमाल आलम खाँ | गुलरिया वितरण केन्द्र ने.वि.प्रा. | ९८५८०२३२६८ | |
| प्र.प्र.अ. | रामहरि रिजाल | ठाकुरबाबा न.पा. | [illegible] | |
| ई. | दीपेन्द्र रवड्डा | सडक डिभिजन नेपालगंज | ९८५८०२२०८० | |
| प्र.वि. | ज्ञानेन्द्र कुमार शर्मा | ए.कृ.प.वि.के. | ९८५८०८३००६ | |
| प्र.प्र.अ. | ~~बढैयाताल गा.पा.~~ अर्जुन थारु | बढैयाताल गा.पा. | ९८४८८९२३१६ | |
| सब-ई. | पद्म सिंह | जलस्रोत तथा सिंचाई विकास डिभिजन | ९८४९२५६५६६ | |
| योजना प्रमुख (डि.प.ई.) | लीलाकान्त [illegible] | [illegible] | ९८५८०४४४०४ | |
| प्रहरी निरीक्षक | भूपेन्द्र शाही | जि.प्रहरी कार्यालय बर्दिया | ९८५९१८४५६० | |
| प्र.ना.उ. | चक्र ब० सरपाल | " — " — | ९८५८०२६२५५ | |
| सेनानी | रामचन्द्र भण्डारी | श्री भैरवदल गण गुलरिया | ९८५९१२०१४५ | |
| | | | | |

| पद | नामथर | कार्यालय/निकाय | सम्पर्क नं. | दस्तखत |
| --- | --- | --- | --- | --- |
| स.प्र.उ. | मान बहादुर शाही | स.प्र.बल, नेपाल<br>नं. ३९ गण हेडक्वा. | ९८५१२६२११८ | [signature] |
| उ० अधि | रमेश सिंह डाँगी | श० अ० जि०का० बर्दिया | ९८५८०३८६६६६ | [signature] |
| स.ई. | मिलन चौधरी | स.प्र. तथा अ.का. बर्दिया | ९८४१०६३४५० | [signature] |
| नि.प्र.प्र.अ. | नारायण प्र. खनाल | गुलरिया नगरपालिका | ९८४८०६२५१६ | [signature] |
| विपद् फो. | गिता खनाल | मधुवन न.पा | ९८४८०८००६३ | [signature] |
| कार्यालय प्रमुख | बसन्त कुमार दुलाल | खानेपानी तथा सरसफाइ कार्यालय | ९८५८०४३११० | [signature] |
| " | गोविन्द बि. मल्ल | सडक डिभिजन कार्यालय, बर्दिया | ९८५८०-६३२०० | [signature] |
| प्र.अ. | धनीराम शर्मा | जिल्ला प्रशासन कार्यालय | ९८५११२४०७२ | [signature] |
| नि.आ.प्र. | रामकृष्ण आचार्य | खाद्य संस्थान नं. व्यवस्था कार्या | ९८५११८८४३ | [signature] |
| का.प्रमुख | नारायण प्र. चौधरी | स्वास्थ्य कार्यालय बर्दिया | ९८५८०६००५५ | [signature] |
| का.प्रमुख | डा. कलावती विश्वकर्मा | बर्दिया आयुर्वेद स्वास्थ्य केन्द्र | ९८५८०३२०२२ | [signature] |
| विपद् सम्पर्क व्यक्ति | कृष्ण प्रसाद गौतम | बारबर्दिया नगरपालिका | ९८४८०२०४३२ | [signature] |
| का.प्र. | डा. सुभाष पाण्डेय | बर्दिया अस्पताल | ९८५८०३२९६६ | [signature] |
| शा.अ. | रविन्द्रनाथ थापा | शि.वि. तथा मा.वि. बर्दिया | ९८५८०२५९२० | [signature] |
| का.प्र. | जितराज ओझा | नेपाल टेलिकम | ९८५८०२३६५५ | [signature] |
| प्र.ह | टेक ध्वज खत्री | DEOC बर्दिया | ९८४८०५०५६५ | [signature] |
| सि.डि.ई | विक्रम राई | राजापुर सिंचाइ व्य. का. | ९८४३६९०३६९ | [signature] |
| प्र.अ. | विमल थापा | जिल्ला प्रशासन (DEOC) | ९८५८०५८०५४ | [signature] |
| आ.नि. | सुशील चन्द्र देवकोटा | बबई सिंचाइ आयोजना | ९८५११६५८६० | [signature] |
| आ.नि. | बहुदिन खोकान | सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना | ९८५८०२२३४८ | [signature] |
| नि.प्र.प्र.अ | मन प्रसाद रेग्मी | बाँसगढी न.पा. | ९८५८०६७७७१ | [signature] |
| अधिकृत छैठौं | कृष्णनारायण चौधरी | गेरुवा गा.पा. | ९८५८०३८११८ | [signature] |
| | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय बर्दिया
गुलरिया

सुरेन्द्र पौडेल
प्रमुख जिल्ला अधिकारी

## जिल्ला विपद् व्यवस्थापन समितिको बैठक

निर्णयहरुः

मितिः २०८२/०४/३०

१. जिल्लामा विपद् व्यवस्थापनका क्षेत्रमा भएका कार्य, जिल्लामा भएका विपद्का घटना सम्बन्धमा जानकारी आदान प्रदान तथा समाधानका उपायहरुका सम्बन्धमा छलफल एवम् समीक्षा गरियो ।

२. मिति २०८२/०३/२४ गते रसुवा जिल्लामा आएको बाढीबाट बर्दिया जिल्ला बारबर्दिया नगरपालिका अन्तर्गतका ४ जना र बढैयाताल गाउँपालिका अन्तर्गतका १ जना गरी जम्मा ५ जना र भारत उत्तराखण्डको पौडी जिल्ला बाँकुवा गाउँमा गएका आएको बाढीबाट मधुवन नगरपालिका र गुलरिया नगरपालिकाका जम्मा ५ जना वेपत्ता भएको घटनाका सम्बन्धमा मृतकमा हार्दिक श्रद्धान्जली अर्पण गर्दै परिवारहरुमा समवेदना र घाइतेहरुको स्वास्थ्य लाभको कामना गर्ने।

३. आ.व. २०८२/८३ को लागि विषयगत कार्यालयहरु सबैबाट प्राप्त सुझाव एवम् विषयबस्तुहरुलाई समावेश गरी तयार गरिएको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२ संशोधन सहित स्वीकृत गरि कार्यान्वयन गर्ने र विभिन्न स्थानीय तह एवम् निकायबाट सुझाव आउन बाँकी रहेकोले सुझाव प्राप्त भएपछि अद्यावधिक गर्दै जिल्ला विपद् व्यवस्थापन समितिमा राख्ने व्यवस्था मिलाउने।

४. २०८२ श्रावण महिनाको दोस्रो साता परेको पानीले बबई नदीमा आएको बाढीबाट गुलरिया नगरपालिकामा नदी पस्ने अवस्था आउदा हेभी इक्युपमनेट तयारी अवस्थामा नपाइएको र उक्त क्षेत्रमा तत्काल कटान रोक्न कठिनाई उत्पन्न भएकोले अव उपरान्त यस्ता घटना हुन नदिन विषयगत कार्यालयहरुले विशेष ध्यान दिने।

५. विपद्को समयमा तत्काल परिचालित हुनका लागि विपद् व्यवस्थापनका उपकरणहरु एम्बुलेन्स, दमकल, JCB लगायतका सामग्रीहरु र त्यसमा परिचालित जनशक्तिलाई तयारी तथा दुरुस्त अवस्थामा राख्ने र विपद्को समयमा शीघ्र परिचालित हुने।

६. स्थानीय तहमा रहेको LEOC लाई थप सक्रिय बनाई विपद्जन्य घटनाको सूचना जानकारी, प्रतिकार्य सम्बन्धमा DEOC सँग समन्वय गर्ने, DEOC ले LEOC सँग समन्वय गरी PEOC र NEOC मा प्रतिवेदन गर्ने । यसका लागि आ-आफ्नो तहबाट आवश्यक सहयोग, समन्वय एवम् सहजीकरण गर्ने ।

७. मिति २०८१/०९/१६ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत विपद्मा संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ बमोजिम सबै स्थानीय तहले कार्यान्वयन गर्ने व्यवस्था मिलाउने र सोको कार्य प्रगति जिल्ला प्रशासन कार्यालय बर्दियामा समेत पठाउने ।

८. जिल्लामा रहेका नीजी क्षेत्र एवं सरकारी निकायसँग रहेका हेभी इक्युपमेन्टहरु तयारी अवस्थामा रहे पनि चालकहरु सो समयमा विभिन्न वाहाना बनाई नआउने गरेको विगतको घटनाबाट देखिएकाले त्यसको कार्यान्वयनका लागि विकास आयोजना तथा स्थानीय तहले अभिलेखिकरण गरी तयारी अवस्थामा राख्न निर्देशन दिने।

९. जल तथा मौसम विज्ञान विभाग लगायतका निकायबाट प्राप्त मौसम तथा बाढी पूर्वानुमान तथा पूर्व सूचनाबाट प्राप्त सूचना जानकारीहरु विपद्बाट प्रभावित हुनसक्ने नदी तटीय क्षेत्र एवम् डुबान क्षेत्रका स्थानीय बासीहरुले प्राप्त हुने गरी LEOC/DEOC बाट स्थानीय एफ.एम., संञ्चारका साधन, सामाजिक सञ्जाल लगायतका माध्यमबाट जानकारी/सूचना निरन्तर अपडेट गर्ने व्यवस्था मिलाउने।

सुरेन्द्र पौडेल

१०. बर्दिया अस्पताल तथा स्वास्थ्य कार्यालय लगायतका अस्पतालहरुले स्वास्थ्यकर्मी, प्यारामेडिकल र उपकरण सहितको Emergency Medical Team तयार गरी जुनसुकै वेला खटिन सक्ने गरी विपद् अवधिभरलाई तयारी अवस्थामा राख्ने।

११. विषयगत कार्यालयहरुले विपद् सम्बन्धी आपतकालिन कार्ययोजना बनाउने सम्बन्धमा विपद् पूर्व विषयगत बैठक बसी आवश्यक तयारी गर्ने।

१२. स्थानीय तहले विपद् उद्धार स्वयमसेवक तालिम गराउन चाहेमा/माग भएको अवस्थामा स्थानीय तहको श्रोत साधन प्रयोग गर्ने गरी सुरक्षा निकायले आवश्यक सहयोग तथा सहजीकरण गर्ने।

१३. स्थानीय तह सबैले विपद् पोर्टलको अनिवार्य रुपमा चलाउने र त्यस पोर्टलमा रहेको गोदाम घरमा विपद् सामग्रीहरुको विवरण अद्यावधिक गरिराख्ने।त्यसका लागि आवश्यक सहजीकरण जिल्ला प्रशासन कार्यालय (DEOC) ले गर्ने।

१४. गेरुवा गाउँपालिका वडा न. २ राजिपुर, बनघुसरा तथा राजापुर न.पा. वडा न. ४ दलाईघाट, अनन्तपुर तथा कैलाली जिल्ला टिकापुर न.पा. वडा न. ८ श्रीलंका टापु लगायतका स्थानहरुमा यस वर्षको मनसुनि वर्षाको कारण कर्णाली नदीले निर्माण भईसकेको तटबन्ध कटान गरिरहेको र मानव वस्ती तथा खेतीयोग्य जमिन डुबान र कटान गर्न सक्ने प्रवल सम्भावना रहेकाले उक्त स्थानहरुमा तत्काल नदि व्यवस्थापन कार्य नगरेमा थप हानी नोक्सानी तथा जनधनको क्षति हुने हुदाँ आपतकालीन नदि नियन्त्रण कार्यका लागि छोटो र छिटो खरिद विधि अपनाई क्षति न्यूनीकरणको काम गर्न सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालय राजापुर, बर्दियालाई निर्देशित गर्ने ।

१५. विपद्मा परेका नागरिकहरुलाई मिति २०८१/०९/१६ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत विपद्मा संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ बमोजिम सबै स्थानीय तहले तत्काल राहत वितरण गर्ने व्यवस्था मिलाउने।

१६. विपद्का बखत तत्काल धन,जन र महत्वपूर्ण संरचना क्षतिको रोकथाम गर्न आवश्यक भएमा आधार र कारण खोली प्राविधिक प्रतिवेदन सहित पेश गर्ने व्यवस्था सरोकारवाला निकायले मिलाउने।

१७. वर्षातको मौसममा डेन्गी रोगको उच्च जोखिम रहेको र विगत वर्षहरुमा समेत विरामी बढेको तर यस वर्ष डेन्गी परिक्षण गर्ने किटको आभावको कारण वास्तविक रोगीहरुको परीक्षण हुन नसकेको, यस जिल्लामा प्राप्त हुने परिक्षण किट निकै न्युन मात्रामा आपुर्ति भएको हुदाँ स्वास्थ्य सेवा विभाग काठमाण्डौं तथा लुम्विनी प्रदेश स्वास्थ्य आपुर्ति ब्यवस्थापन केन्द्र साँग प्रयाप्त पुग्ने परिक्षण किट उपलब्ध गराउन माग गर्ने निर्णय ।

१८. बर्षातको समयमा डेन्गी सार्ने लामखुट्टेको उच्च बृद्धिविकास भै डेन्गी रोगको विरामी दर र मृत्युदर उच्च रहने भएको हुदाँ सो को पुर्व तयारीको लागि घर वरिपरि र सार्वजनिक स्थानहरुमा सफा पानी जाम्न नदिने ब्यवस्था सबै कार्यालय तथा पालिकाहरुले गर्ने ।

१९. यस गुलरिया नगरपालिकाको क्षेत्रभित्र पर्ने जिल्ला प्रहरी कार्यालय देखि पुर्व वर्दिया अस्पताल हुँदा जाने हुलाकी सडकको मेडियनमा थोरै वर्षात हुने वित्तिकै मैडियनको विच भागहरुमा पानी जम्ने र कैयो दिनसम्मा रहने भएको हुदाँ सो मैडियन भागमा पानी जम्दा लामखुट्टे बृद्धिविकास तिव्र हुने र अस्पताल नजिक भएको हुदाँ अस्पतालमा उपचारको लागि आएको डेन्गी विरामीबाट लमखुट्टे संक्रकित भै अन्य स्वास्थ्य ब्यक्तिलाई सारी महामारी गराउन सक्ने उच्च जोखिम क्षेत्र रहेकोले जति सक्तो चाडै हुलाकी सडक डिभिजन कार्यालय वा गुलरिया नगरपालिकाले सो मेडियन भागमा माटो भरी लामखुट्टेको बासस्थान नष्ट गर्न अनुरोध गर्ने ।